`

# स्टाण्डर्ड नाप र तौल ऐन २०२५

# मा

# संसोधनको लागि तयार पारिएको प्रारम्भिक मस्यौदा

| dfh}bf k|fjwfg | ;+zf]lwt k|fjwfg | ;+zf]wg ug{kg]{sf/0f |
|---|---|---|
| स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | स्टाण्डर्ड नाप र तौल (सम्बन्धि संघिय) ऐन २०२५ | |
| २०२५ सालको ऐन नं. १७<br>मेट्रिक पद्धतिमा आधारित नाप तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने व्यवस्था गर्न बनेको ऐन<br>प्रस्तावनाः नेपालभरी मेट्रिक पद्धतिमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने व्यवस्था गर्न वाञ्छनीय भएकोले,<br>श्री ५ महाराजधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ । | प्रस्तावनाः औद्योगिक, व्यापारिक एवं व्यवसायीक क्षेत्रमा प्रयोग हुने नाप र तौललाई व्यवस्थित, गुणस्तरीय एवं सहज अनुगमनयोग्य बनाई उपभोक्ताको हकहित संरक्षण गर्न नेपाल भरी मेट्रिक पद्तिमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने व्यवस्था गर्न वान्छनीय भएकोले । | समय सापक्ष बनाउनु परेकोले। |
| परिच्छेद–१<br>प्रारम्भिक<br>१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ<br>१)यस ऐनको नाम “ स्टाण्डर्ड नाप र तौल ऐन, २०२५” रहेको छ ।<br>२) यो ऐन नेपालभर लागू हुनेछ ।<br>(३) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको ठाउँमा तोकिदिएको मितिदेखि तोकिदिएको कारोवार वा मालसामानको सम्वन्धमा प्रारम्भ हुनेछ | (१) यस ऐनको नाप "स्टाण्डर्ड नाप र तौल (सम्बन्धि संघिय) ऐन २०२५" रहेको छ<br>(३) ……………झिकिएको | देश संघियतामा गएको र नापतौल संघिय सरकारको कार्यक्षेत्र भित्र परेको ले ।<br>नेपालभर लागु भैसकेकोले अब राखि राख्नु आवश्यक नभएको । |
| २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, | | |

| | | |
|---|---|---|
| (क) “किलोग्राम” भन्नाले नाप तौलको अन्तराष्ट्रिय ब्युरोमा रहेको नापतौलको प्रथम साधारण सम्मेलनले किलोग्रामको अन्तराष्ट्रिय प्रतिमूर्ति (प्रोटोटाईप) भनी घोषित गरेको प्लाटिनम इरिडियमको ढ्याक (सिलिण्डर) को राशी (मास) सम्झनु पर्छ।<br>➢ -V_ ==============================================================<br>ग) “सामान्य वायुमण्डलीय चाप” भन्नाले प्रति वर्ग मिटर १०१३२५ न्यूटनको चाप सम्झनुपर्छ।<br>स्पष्टीकरणः एक किलोग्रामको राशीलाई एक मिटर प्रति सेकेण्ड प्रति सेकेण्डको दरले गति बढाउने बल (फोर्स) लाई न्यूटन मानिन्छ।<br>घ) “व्यापारिक नाप वा तौल” भन्नाले वाणिज्य तथा व्यापार को कारोवारमा व्यवहार गरिने स्टाण्डर्ड नाप र तौललाई जनाउँछ।<br>ङ) “नाप्ने यन्त्र” भन्नाले तौलने यन्त्र बाहेक अरु जुनसुकै नाप्ने यन्त्रलाई सम्झनुपर्छ र यस शब्दले लम्वाई, क्षेत्रफल, आयतन वा ग्राहिता नाप्ने वा गन्ने यन्त्र समेतलाई जनाउँछ।<br>च) “तौलने यन्त्र” भन्नाले तौलने काममा व्यवहार गरिने सबै किसिमको तौलने यन्त्र र दुई पल्ला भएको तराजु र सो तराजुमा व्यवहार हुने ढक समेतलाई जनाउँछ।<br>छ)“मोहर बन्द प्याकेज” भन्नाले बिक्रीको समयमा त्यसभित्र रहेको बस्तुको कुनै नाप वा तौल नगरी बेच्ने अभिप्रायले राखिएको बन्दी पोको, शिशी, पीपा, टिन, व्यारल, बाकस, भाँडो, थैलो, बोरा वा यस्तै अरु कुनै प्याक गरिएको चीजलाई सम्झनुपर्छ।<br>ज) “टाँचा” भन्नाले ढालेर , खोपेर, कुदेर, डामेर वा कुनै तरिकाले यथासम्भव नमेटिने गरी लगाईएको टाँचालाई सम्झनुपर्छ। | ज) “टाँचा” भन्नाले ढालेर, खोपेर, कुदेर, डामेर वा कुनै तरिकाले यथासम्भव नमेटिने गरी लगाईएको टाँचालाई सम्झनुपर्छ र सो शब्दले सम्बन्धित ठाउँमा तारले बेरेर त्यस्तो उपकरणलाई दिने नाप वा तौलको मात्रालाई घटिबढी गर्न नमिल्ने गरी तारको दुवै छेउमा आयाताकार वा गोलाकार वा यस्तै प्रकारको आयाम भएको शिशाको दुईवटा प्वाल भीत्र छिराई सामान्य अवस्थामा ननिस्किने गरी तथा यथासम्भव नमेटिने गरी | पेट्रोलियम पदार्थ वितरण पम्प र ट्याक्सि मिटरमा शिल टाँचा लगाउदा तारको समेत प्रयोग हुने भएको र सोलाई समेत टाँचाको परिभाषा भीत्र समेट्न आवश्यक भएकोले। |

| | | |
|---|---|---|
| | लगाईएको तार सहितको शिल छाप समेतलाई जनाउनेछ। | |
| झ)  “जाँच” भन्नाले नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाच्ने वा परीक्षण गर्ने कामलाई सम्झनुपर्छ र यो शब्दले पुनः जाच गर्ने काम समेतलाई जनाउँछ। | (झ) "जाँच" भन्नाले नाप वा तौल वा नाप्ने तौलने यन्त्र जाच्ने वा परीक्षण गर्ने कामलाई सम्झनुपर्छ र यो शब्दले पुनः जाँच गर्ने, समेतलाई जनाउदछ।<br>(झ१) क्यालिब्रेशनः निश्चित अवस्थामा नापतौलको स्ट्याण्डर्ड र जाँच गर्ने उपकरणको नाप बिचको मेजर्मेन्ट अन्सर्टेन्टी सहितको अटुट सम्वन्ध प्रमाणित गर्ने कार्यलाई क्यालिब्रेशन सम्झनु पर्दछ। | |
| ञ) “नियन्त्रक” भन्नाले गुणस्तर तथा नाप तौल विभागको महानिर्देशक सम्झनुपर्छ। | (ञ) ………… झिकिएको<br>ञ१) "महार्निदेशक" भन्नाले नेपाल गुणस्तर तथा नापतौल विभागको महानिर्देशकलाई सम्झनु पर्दछ।<br>ञ२)"प्रमुख निरीक्षक" भन्नाले नेपाल इञ्जिनियरिङ सेवा, मेट्रोलोजी समुहको रा.प.प्रथम श्रेणीको अधिकृतलाई सम्झनु पर्दछ।<br>ञ३)"बरीष्ठ निरीक्षक" भन्नाले नेपाल इञ्जिनियरिङ सेवा, मेट्रोलोजी समुह्को रा.प.द्बितीय श्रेणीको अधिकृतलाई सम्झनु पर्दछ।<br>ञ४)"निरीक्षक" भन्नाले नेपाल इञ्जिनियरिङ सेवा, मेट्रोलोजी समुह्को रा.प.तृतीय श्रेणीको अधिकृतलाई सम्झनु पर्दछ। | (ञ) नियन्त्रकको सट्टा महानिर्देशक उपयुक्त देखिएको। अन्तराष्ट्रिय प्रचलान संग समकक्षता मिलाउन आवश्यक भएको।<br><br>ञ(१) देखि ञ(४) सम्म थप गरिएको। निजहरुले यस ऐन अन्तरगतका कार्यहरु गरेता पनि मौजुदा ऐनमा व्यवस्था नभएको। |
| ट) “निरीक्षक” भन्नाले नेपाल सरकारले यो ऐनको प्रयोजनको लागि नियुक्त गरेको वा तोकिदिएको अधिकारीलाई सम्झनुपर्छ।<br>(ट१) “नाप तौलको साधारण सभा” भन्नाले कन्भेन्शन ड्यू मिटर अन्तर्गत | (ट) ……….. झिकिएको<br><br>(ट१) "नाप तौलको साधारण सभा" भन्नाले कन्भेन्शन ड्यू मिटर अन्तरगत स्थापना भएको कन्फरेन्स जनरल डे प्वाइड्स ए मेजर्स (सि.आई.पि.यम) सम्झनुपर्छ।<br>(ट२) "नाप तौलको अन्तराष्ट्रिय कार्यालय" भन्नाले कन्भेन्शन ड्यू मिटर अन्तरगत स्थापना भएको ब्यूरो इन्टरनेसनल डे | -6_ञ(४) मा समावेश भएकाले।नापतौल क्षेत्र एक प्रकारको विशेषिकृत प्राविधिक सेवा भएको रअन्य देशमा समेत यस्तो व्यवस्था भएकाले। |

| | | |
|---|---|---|
| स्थापना भएको कन्फरेन्स जनरल डे प्वाइड्स ए मेजर्स सम्झनुपर्छ ।<br>(ट२) “नाप तौल अन्तर्राष्ट्रिय कार्यालय” भन्नाले कन्भेन्शन ड्यू मिटर अन्तर्गत स्थापना भएको ब्यूरो इन्टरनेसनल डे प्वाइड्स ए मेजर्स सम्झनुपर्छ ।<br>(ट३) “कानुनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्था” भन्नाले कन्भेन्सन इस्टिच्यूयण्ट यून अर्गनाइजेशन इन्टरनेसनल डे मेट्रोलोजी लिगल अन्तरगत स्थापना भएको अर्गनाइजेशन इन्टरनेशनल डे मेट्रोलोजी सम्झनुपर्छ । | प्वाइड्स ए मेजर्स (बि.आई.पि.एम) सम्झनुपर्छ ।<br>(ट३) "कानूनी नापतौल विज्ञानको अन्तराष्ट्रिय संस्था" भन्नाले कन्भेन्शन इस्टिच्यूयट यून अर्गनाइजेशन इन्टरनेसनल डे मेट्रोलोजि (ओ.आई.एम.यल) सम्झनुपर्छ ।<br>ट४) कानूनी नापतौल अधिकृत भन्नाले इञ्जिनियरिङ सेवाको मेट्रोलोजी समुह अन्तर्गत कार्यरत प्रमुख निरीक्षक, बरीष्ठ निरीक्षक वा निरीक्षक भन्ने बुझिन्छ।<br>ट५) "ढाचाँ स्विकृति (प्याटर्न एप्रुभल)" भन्नाले नाप वा तौलमा प्रयोग हुने यन्त्र उपकरणहरु नयाँ ढाँचामा आयात वा उत्पादन गर्न दिईने पुर्व स्वीकृतिलाई सम्झनु पर्छ ।<br>ट६) "कानुनी नापतौल" भन्नाले व्यवसायीक वा व्यापारिक कारोवारमा नापतौल सम्बन्धी प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमका नाप र तौल सम्बन्धि मापदण्डहरुको परिपालना हुने गरि नाप वा तौल वा नाप्ने तौलने यन्त्रहरुको प्रयोग गर्नु पर्ने वाध्यात्मक व्यवस्थालाई बुझाउछ ।<br>ट७) "औद्योगिक नापतौल" भन्नाले उद्योगको उत्पादनको समग्र प्रकृयामा प्रयोगहुने मेसिनरी, यन्त्र, उपकरणहरुको मापन सुनिश्चितता गर्ने विज्ञानलाई बुझाउछ।<br>ट८) "वैज्ञानिक नापतौल" भन्नाले नापतौल सम्बन्धी स्टाण्डर्डहरुको अनुसन्धान गर्ने, परिभाषित गर्ने, विकास गर्ने, संरक्षण गर्ने विज्ञानलाई बुझाउछ।<br>ट९) "विभाग" भन्नाले नेपाल गुणस्तर तथा नापतौल विभागलाई सम्झनु पर्दछ ।<br>ट१०) "कार्यालय" भन्नाले विभाग मातहतका कार्यालयहरुलाई सम्झनु पर्दछ ।<br>ड)"डिलर" भन्नाले इजाजतपत्र लिई नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र विक्रि-वितरण गर्ने आधिकारीक व्यक्ति वा संस्थालाई बुझाउछ ।<br>ढ) "मर्मतकर्ता" भन्नाले इजाजतपत्र लिई नाप वा तौल वा नाप्ने | बर्तमान ऐनले समेट्न नसकेको तथा अन्य देशको ऐनमा समेत व्यवस्था भएकोले ।<br><br>ट४)अन्य देशमा सेमत कानूनी नापतौल अधिकृतको व्यवस्था गरिएको छ ।<br>ट५) परिभाषित गर्न आवश्यक भएकोले ।<br><br>ट६) परिभाषित गर्न आवश्यक भएकोले ।<br><br>ट७) परिभाषित गर्न आवश्यक भएकोले<br><br>ट८) परिभाषित गर्न आवश्यक भएकोले ।<br><br>ट९) परिभाषित गर्न आवश्यक भएकोले ।<br><br>ट१०) परिभाषित गर्न आवश्यक भएकोले ।<br>ड ) परिभाषित गर्न आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| (ठ)“तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो ऐन अन्तर्गत बनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ। | वा तौलने यन्त्र मर्मत गर्ने आधिकारीक व्यक्ति वा संस्थालाई बुझाउछ।<br>ण) "उत्पादक" भन्नाले इजाजत पत्र लिई नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र उत्पादन गर्ने आधिकारीक व्यक्ति वा संस्थालाई बुझाउछ। | ढ) परिभाषित गर्न आवश्यक भएकोले<br>ण) परिभाषित गर्न आवश्यक भएकोले |
| **परिच्छेद–२**<br>**स्टाण्डर्ड नाप र तौल**<br>**२ (क) नाप तौलको ईकाईहरु :**<br>(१) नाप तौलका प्रत्येक ईकाईहरु मेट्रिक प्रणालीमा आधारित हुनेछन्।<br>(२) उपदफा (१) को प्रयोजनको निमित्तः<br>(क) नाप र तौलको साधारण सभाले सिफारिश गरेको अन्तर्राष्ट्रिय प्रणालीका ईकाईहरु र<br>(ख) कानुनी नापतौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाले सिफारिश गर्ने अरु अतिरिक्त ईकाईहरु, मेट्रिक प्रणालीका ईकाईहरु हुनेछन्।<br>**३. मिटरः**<br>(१) मिटर लम्बाईको मूल ईकाई हुनेछ।<br>(२) “मिटर” भन्नाले प्रकाशले १/२९९७९२४५८ सेकेण्डको अवधिभित्र शुन्य ठाउँ (भ्याकुम)मा तय गरेको दुरीलाई जनाउँछ।<br>(३) नेपाल सरकारले मीटरको परिमाण (भ्यालु) निकाल्ने मीटरको एक राष्ट्रिय स्टाण्डर्ड बनाउन लगाउनेछ र सो स्टाण्डर्ड मीटरको अन्तर्राष्ट्रिय स्टाण्डर्ड अनुसार प्रमाणित गराउनेछ। त्यस्तो स्टाण्डर्ड नेपाल सरकारले तोकिदिएको ठाउँमा तोकिदिएको व्यक्तिको जिम्मा रहनेछ।<br>**४) किलोग्रामः**<br>(१) किलोग्राम राशिको मूल इकाई हुनेछ।<br>(२)नेपाल सरकारले किलोग्रामको परिमाण निकाल्ने किलोग्रामको एक राष्ट्रिय स्टाण्डर्ड बनाउन लगाउनेछ र सो स्टाण्डर्ड किलोग्रामको अन्तर्राष्ट्रिय प्रतिमूर्ति | क) नाप र तौलको साधारण सभाले सिफारिश गरेको अन्तर्राष्ट्रिय प्रणालीका ईकाईहरु (यस. आइ. युनिट) र | (क) नाप र तौलको साधारण सभाले सिफारिश गरेको अन्तर्राष्ट्रिय प्रणालीका ईकाईहरु नै SI unit भएको र सर्वसाधारणलाई वुझ्नमा सजिलो हुने भएकोले। |

| | | |
|---|---|---|
| अनुसार वा अन्तर्राष्ट्रिय प्रतिमूर्ति अनुसार बनाईएको अन्य मुलुकको राष्ट्रिय प्रतिमुर्ति अनुसार प्रमाणित गराउनेछ । त्यस्तो स्टाण्डर्ड नेपाल सरकारले तोकिदिएका ठाँउमा तोकिएको व्यक्तिको जिम्मामा रहनेछ ।<br>(३) उपदफा (१) र दफा ८. ख मा जुनसुकै कुरा लेखिएको भए तापनि बहुमुल्य रत्नको लागि राशीको मूल इकाई एक किलोग्रामको पाँच हजार खण्डको एक खण्ड बराबरको एक क्यारेट हुनेछ ।<br>(४) कुनै स्थानमा तौलको स्टाण्डर्ड ईकाई सो स्थानमा राशिको मूल इकाईको तौल हुनेछ ।<br><br>**५. सेकेण्ड :**<br>(१) सेकेण्ड समयको मूल इकाई हुनेछ ।<br>(२) सिजियम एच –१३३ परमाणुको भौतिक अवस्था (ग्राउण्ड स्टेट) को दुई अति मिहीन सतह (हाइपर फाइन लेवल) बीचको स्थितिको अन्तरमा हुने विकिरण को (रेडिएशन) ९१९२६३१७७० गुणा समयावधिलाई सम्झनुपर्छ ।<br><br>**६. एम्पिएर :**<br>(१) एम्पिएर विद्युत धाराको मूल ईकाई हुनेछ ।<br>(२) एक एम्पिएर भन्नाले नगण्य वृत्ताकार अनुप्रस्थ खण्ड (नेगलिजिवल सर्कुलर क्रस सेक्सन) भएको तथा शुन्य (भ्याकुम) मा एक मिटरको फासलामा रहेको असीमित लम्बाईको दुई समानान्तर सोझो सुचालक (कन्डक्टर) हरुमा एकनाशको गतिले बगी ती सुचालकहरुको बीचमा प्रति मिटर २×१०<sup>–७</sup> न्युटन बल उत्पन्न गर्ने विद्युत धारालाई सम्झनुपर्छ ।<br><br>**७. केलभिनः**<br>(१) केलभिन थर्मोडाइनामिक तापक्रमको मूल इकाई हुनेछ ।<br>(२) केलभिन भन्नाले थर्मोडाइनामिक तापक्रममा पानीको त्रिविन्दु (ट्रिपल प्वाइन्ट अफ वाटर) को १/२७३.१६ लाई जनाउँछ । | | |

| | | |
|---|---|---|
| (३) केलभिन तापक्रमको अन्तर जनाउनेमा समेत प्रयोग गरिनेछ।<br>(४) तापक्रमको अन्तर्राष्ट्रिय व्यवहारिक स्केलको सेल्सीयस डिग्री, जसको बराबर २७३.१५ केलभिन हुन्छ , केलभिन बराबर हुन्छ।<br>(५) सेल्सीयस डिग्रीलाई तापक्रमको अन्तर जनाउनेमा समेत प्रयोग गर्न सकिनेछ।<br><br>**(८) क्याण्डेला:**<br>(१) क्याण्डेला प्रकाश तीब्रताको मूल इकाई हुनेछ।<br>(२) "क्याण्डेला" भन्नाले प्रत्येक वर्गमिटर १०१३२५ न्युटन चापमा प्लाटिनम जम्ने तापक्रममा कृष्ण पिण्ड (ब्लाक बडी) को १/६००००० वर्गमीटर सतहको लम्व दिशाको प्रकाश तीब्रता (लुमिनस इण्टेन्सिटी) लाई जनाउछ।<br><br>**८.क. मोल:**<br>(१) मोल वस्तुको परिमाणको मूल इकाई हुनेछ।<br>(२) "मोल" भन्नाले कार्बन १२ को ०.०१२ किलोग्राममा जति परमाणु (एटम) छन् त्यतिकै मौलिक तत्वहरु (इलिमेण्टरी इण्टिटिज) भएको पद्धतिको परिमाणलाई जनाउँछ।<br>स्पष्टीकरण: मोलको जब प्रयोग हुन्छ मौलिक तत्वहरु (इलिमेण्टरी इण्टिटिज) को राम्रो उल्लेख हुनुपर्छ र यो परमाणु, अणु विद्युत शक्तियुक्त परमाणु (आयन्स), इलेक्ट्रोन, अरु कणहरु वा त्यस्तो तोकिएको कणको समुह हुन सक्छ।<br><br>**८) ख. नाप तौलको अरु इकाईहरु तोक्ने :**<br>(१) नाप तौलको साधारण सभा र कानुनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाले सिफारिस गरेको नाप तौलको मूल इकाईहरुसंग सम्वन्धित पुरक (सप्लीमेण्टरी) उद्भूत (डिराइभ्ड) वा अरु ईकाईहरु वा स्टाण्डर्ड प्रतिरुप वा | (४) तापक्रमको अन्तर्राष्ट्रिय व्यवाहारिक स्केलको सेल्सीयस डिग्री जसको शुन्य वरावर २७३.१५ केल्भिन हुन्छ र तापक्रमको अन्तर सेल्सीयस डिग्री र केल्भिनमा वरावर हुनेछ। | |

| | | |
|---|---|---|
| परिभाषाहरु तोकिए बमोजिम हुनेछ ।<br>स्पष्टिकरणः उदभूत ईकाईहरु (डिराइभ्ड यूनिटहरु) भन्नाले मूल वा पूरक ईकाईबाट वा दुवै ईकाईबाट निकालिएको ईकाईलाई जनाउँदछ ।<br>(२) नाप तौलको साधारण सभा वा कानुनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाले सिफारिश गरेको नाप वा तौलको इकाईहरुसंग सम्वन्धित अपवर्त्य (मल्टिपल्स) अपवर्त (सवमल्टिपल्स), प्राकृतिक स्थिर (फिजिकल कन्सटेन्ट) र अनुपात गुणक (रेशियो अफ को-इफिसेन्सी) तोकिए बमोजिम हुनेछन् ।<br>(३) नाप तौलको साधारण सभा वा कानुनी नाप वा तौल विज्ञानको अन्तराष्ट्रिय संस्थाले सिफारिश गरे अनुसारको नाप र तौलका विशेष ईकाईहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक अवधिको लागि तोक्न सक्नेछ ।<br><br>**८. ग. अन्तर्राष्ट्रिय इकाईहरु नेपाली अंकमा रहने:**<br>(१) गणनाको मूल इकाई अन्तर्राष्ट्रिय इकाईको आधारमा नेपाली अंकहरु हुनेछ ।<br>(२) प्रत्येक गणना दशमलव प्रणालीमा हुनेछ ।<br>(३) गणनाको दशमलव अपवत्र्य (मल्टिपल्स) र अपवर्त (सव मल्टिपल्स) तोकिएको संज्ञा तथा तरिका अनुसार लेखिनेछ ।<br><br>**८.घ. स्टाण्डर्ड इकाईहरुः**<br>दफा ३,४,५,६,७,८ र ८क. मा  तोकिएको नाप वा तौलको मूल इकाईहरु र दफा ८.ख. अन्तर्गत तोकिए बमोजिमको पुरक तथा अरु इकाईहरु नाप वा तौलका स्टाण्डर्ड इकाईहरु हुनेछन् । | (१) गणनाको मूल इकाई अन्तर्राष्ट्रिय इकाईको आधारमा नेपाली अंकहरु हुनेछ तर आवश्यकता अनुसार अंग्रेजी अंकहरु प्रयोग गर्न वाधा पर्ने छैन । | |
| ➢ (=======================================================<br>➢ !)================================================== | | |

| | | |
|---|---|---|
| ➢ !!====================================================<br>➢ !@====================================================<br>➢ !#====================================================== | | |
| **१४ . कुनै खास किसिमको नाप र तौल चलनमा राख्न दिन सकिने:**<br>नेपाल अधिराज्यको कुनै ठाउँ वा कारोवार वा मालसामानको सम्वन्धमा यो ऐन लागू भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी बढीमा पाँच वर्षसम्म त्यस्तो ठाउँ वा कारोवार वा मालसामानको सम्वन्धमा स्टाण्डर्ड राशी र नापका अतिरिक्त सोही सूचनामा तोकिदिएको अरु कुनै नाप र तौलको प्रचलन जारी राख्न अनुमति दिन सक्नेछ।<br>तर यो ऐन लागू हुनभन्दा अगाडी तत्काल प्रचलनमा नरहेको कुनै नाप वा तौल प्रचलनमा ल्याउने गरी नेपाल सरकारले उपदफा (१) अन्तर्गत अनुमति दिन सक्ने छैन। | !$= झिकिएको। | १४. सान्दर्भिक नभएको। |
| **१५. प्रचलित नाप र तौललाई स्टाण्डर्ड नाप र तौलमा परिणत गर्ने:**<br>(१) यो ऐन लागू हुनु भन्दा अगाडि प्रचलनमा रहेको नाप र तौलको परिमाणलाई स्टाण्डर्ड नाप र तौलको रुपमा अनुसुचीमा उल्लेख गरिएका अनुपातिक दरमा परिणत गर्न सकिनेछ।<br>(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी उपदफा (१) मा उल्लेख गएिका नाप र तौल बाहेक अरु नाप वा तौलको परिमाणलाई स्टाण्डर्ड नाप वा तौलको रुपमा परिणत गर्ने अनुपातिक दर तोक्न सक्नेछ।<br>(३) कुनै ऐन वा ऐन अन्तर्गतको कुनै नियम आदेश वा सूचना वा कुनै करार वा लिखितमा उल्लेख गरिएको स्टाण्डर्ड राशी वा नाप बाहेक अरु कुनै नाप वा तौलको परिमाण अवस्था अनुसार अनुसूचीमा वा उपदफा (२) अन्तर्गत निकालिएको सूचनामा उल्लेख गरिएको अनुपातिक दरमा परिणत भएको मानिने छ। | | |

| | | |
|---|---|---|
| (४) कुनै लेनदेन वा व्यवहारको सम्वन्धमा व्यक्त गरिएको कुनै नाप वा तौलको परिमाणलाई स्टाण्डर्ड राशी वा नापको रुपमा यस दफा अन्तर्गत परिणत गर्दा त्यस्तो लेनदेन वा व्यवहारको लागि तोकिए बमोजिमको हिसावले गरिनेछ।<br><br>**१६. प्रमुख स्टाण्डर्डः**<br>(१) नेपाल सरकारले दफा ८.घ वा उल्लेख गरिएको स्टाण्डर्ड राशी र नाप वा त्यसको अपवर्त्य वा अपवर्त अंश (मल्टिपल्स वा सव-मल्टिपल्स) को सेट बनाउन लगाउन सक्नेछ। त्यस्तो सेटलाई प्रमुख स्टाण्डर्ड भनिनेछ।<br>(२) प्रमुख स्टाण्डर्ड तोकिएको वस्तु, डिजाइन तथा विवरणको हुनेछ । त्यसलाई तोकिएको व्यक्ति वा अधिकारीले प्रमाणित गरी टाँचा लगाई तोकिएको ठाउँमा तोकिए बमोजिम राख्नेछ तथा तोकिए बमोजिमको प्रत्येक अवधिभित्र त्यसलाई राष्ट्रिय स्टाण्डर्डसंग जाँची त्यसमा सो जाँचेको मिति सहितको निस्सा लगाउनु पर्छ। | | |
| **१७. माध्यमिक स्टाण्डर्ड :**<br>(१) कार्यकारी स्टाण्डर्ड ठीक बेठीक जाँच्नको लागि नेपाल सरकारले आवश्यकता अनुसार प्रमाणीत स्टाण्डर्ड नाप र तौलको सेटहरु तयार गर्न लगाउन सक्नेछ। ती सेटहरुलाई माध्यमिक स्टाण्डर्ड भनिनेछ।<br>(२) माध्यमिक स्टाण्डर्ड तोकिएको वस्तु डिजाईन तथा विवरणको हुनेछ। त्यसलाई तोकिएको व्यक्ति वा अधिकारीले प्रमाणीत गराई टाँचा लगाई तोकिएको ठाउँमा तोकिए बमोजिम राख्नेछ, तथा तोकिए बमोजिमको प्रत्येक अवधि भित्र त्यसलाई प्रमुख स्टाण्डर्डसंग जाँची त्यसमा सो जाँचेको मिति सहितको निस्सा लगाउनेछ।<br>(३) उपदफा (२) बमोजिम म्यादभित्र जाँच गरी टाँचा नलगाईएको माध्यमिक स्टाण्डर्डको कानुनी मान्यता हुने छैन र यो ऐनको प्रयोजनको लागि प्रयोग गरिने छैन। | (४) यस दफामा अन्यन्त्र जेसुकै लेखिएको भएतापनि टाँचा | |

| | | |
|---|---|---|
| | लगाउन नसकिने वा नमिल्ने स्टाण्डर्डहरुमा ती स्टेण्डर्डहरुलाई जाँची प्रमाणित गरि राख्नु पर्ने छ। | (४) हाल धेरै स्टाण्डर्डहरुमा टाँचा लगाउन नमिल्ने किसिमका हुने भएकोले। |
| **(१८) कार्यकारी स्टाण्डर्ड :**<br>(१) व्यापारिक नाप र तौल वा व्यापारिक प्रचलनमा ल्याइने नाप्ने र तौलने यन्त्र ठीक बेठीक जाँच्नको लागि नेपाल सरकारले आवश्यक सम्झे जति प्रमाणित नाप र तौलको सेटहरु र मुल्यवान धातु र जवाहरातको निमित्त विशेष कार्यकारी नाप र तौलका सेटहरु बनाउन लगाउन सक्नेछ। ती सेटहरुलाई कार्यकारी स्टाण्डर्ड भनिनेछ।<br>(२) कार्यकारी स्टाण्डर्ड तोकिएको वस्तु डिजायन र विवरणको हुनेछ र त्यसमा तोकिएका व्यक्ति वा अधिकारीले तोकिएका तरिकाले प्रमाणित गरी टाँचा लगाई तोकिएको ठाउमा तोकिए बमोजिम राख्नेछ तथा त्यसलाई तोकिए बमोजिमको प्रत्येक अवधि भित्र माध्यमिक स्टाण्डर्डसंग जाँची त्यसमा सो जाँचेको मिति सहितको निस्सा लगाउनु पर्छ।<br>तर, मूल्यवान धातु र जवारत सम्वन्धि विशेष कार्यकारी स्टाण्डर्डको सेट प्रमुख स्टाण्डर्डसंग जाँचिनेछ।<br>(३) उपदफा (२) बमोजिम म्यादभित्र जाँच गरि टाँचा नलगाईएको कार्यकारी स्टाण्डर्डको कानुनी मान्यता हुने छैन र यो ऐनको प्रयोजनको लागि प्रयोग गरिने छैन। | (३) उपदफा (२) बमोजिम म्यादभित्र जाँच गरि टाँचा नलगाईएको वा टाँचा लगाउन नमिल्ने स्टाण्डर्डहरुको हकमा जाँची प्रमाणित गरि निस्सा नलगाइएको कार्यकारी स्टाण्डर्डको कानुनी मान्यता हुने छैन र यो ऐनको प्रयोजनको लागि प्रयोग गरिने छैन। | |
| **१९. स्टाण्डर्ड नाप्ने र तौलने यन्त्र**<br>(१) व्यापारिक नाप र तौल वा व्यापारिक प्रचलनमा ल्याईने नाप्ने र तौलने यन्त्र जाँच गर्न चाहिने नाप्ने र तौलने यन्त्र नेपाल सरकारले आवश्यकता अनुसार तयार गर्न लगाउनेछ।<br>(२) उपदफा (१) बमोजिमका नाप्ने र तौलने यन्त्र तोकिए बमोजिम जाँच | | |

| | | |
|---|---|---|
| गरी टाँचा लगाई तोकिएको तरिका वा संख्यामा राखिनेछ।<br>(३) उपदफा (१) बमोजिमका  नाप्ने र तौलने यन्त्रका सेट माध्यमिक वा कार्यकारी सेट राखिएको ठाउँमा राखिनेछ ।<br>**१९  नाप्ने वा तौलने साधन नक्कली बनाउन वा चलन गर्न नहुनेः (क)**<br>(१) कसैले नाप्नेतौलने वा गुणस्तर निर्धारण गर्ने साधन निर्धारित स्तर भन्दा घटी ,<br>,तौलने ,वा बढी हुने गरि बनाउन वा बनाउन लगाउन वा त्यसरी बनाएको नाप्ने<br>न जानीजानी सक्कली सरह चलन गर्न वा चलन गर्ने गुणस्तर निर्धारण गर्ने साध<br>नियतले राख्न वा बिक्रि गर्न वा त्यस्तो साधनमा लगाउने छाप वा टाँचा<br>नक्कली बनाउन वा नाप्नेतौलने वा बदनियतपूर्वक गुणस्तर निर्धारण गर्ने ,<br>तौलने वा गुणस्तर निर्धारण क्षमतामा प्रभाव पार्न वा त्यस्तो ,साधनको नाप्ने<br>नमा नक्कली छाप वा टाँचा लगाउन वा अन्य कुनै उपायद्वारा चलन साध<br>चल्तीको नाप वा तौललाई घटी बढी हुन सक्ने बनाउन हुदैन ।<br>स्पष्टीकरणः यस दफआको प्रयोजनको लागि तौलने वा गुणस्तर निर्धारण ,नाप्ने"<br>गुण वा परिमाण वा त्यस्तो ,भन्नाले कुनै वस्तु वा सेवाको इकाई "गर्ने साधन<br>बस्तु वा सेवाको शुद्धता वा स्तर वा कुनै वस्तुको इकाई निर्धारण गर्न कानून<br>बमोजिम चलन चल्तीमा रहेको साधन सम्झनु पर्छ ।<br>बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र (१) उपदफा (२)<br>तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>त्यसलाई ,चलन चल्तीमा ल्याएको साधन बमोजिम बनाएको (१) उपदफा (३)<br>बनाउने वा मर्मत गर्ने औजार समेत जफत हुनेछ । | १९ (क) खारेज हुनु पर्ने । | १९ (क) र (ख): मौजुदा ऐनको दफा ३०(३) मा सजाय सम्बन्धि छुट्टै व्यवस्था भएको र सोहि दफाले यस दफाको विषयवस्तु समेटिएको साथै अन्य मुलुकहरुको व्यवस्था हेर्दा औद्योगिक नापतौल एवं प्रयोगशालामा प्रयोगहुने उपकरणको नापतौल कानूनी नियमनमा नपरी स्वच्छिक रहेकोले यो दफा आवश्यक नरहेको । |
| **१९ तौलने वा गुणस्तर ,नाप्ने (ख) निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गर्न नहुनेः**<br>(१) कसैले कुनै व्यवसायतौलने ,कारोवार वा व्यापारको सिलसिलामा नाप्ने ,<br>गर्ने साधन प्रयोग गर्नु पर्दा कानून बमोजिम त्यस्तो वा गुणस्तर निर्धारण<br>तौल वा स्तरभन्दा घटी ,साधनको चलन चल्तीमा निर्धारण गरिएको नाप<br>वा बढी हुने गरी कपटपूर्ण रुपमा प्रयोग गर्नअर्को कुनै साधन वा उपायको ,<br>तौलने वा गुणस्तर निर्धारण ,मद्दतले त्यस्तो साधनको चलन चल्तीको नाप्ने | १९ (ख) खारेज हुनु पर्ने ।<br><br>(१९)(ग) विभागमा एउटा केन्द्रिय नापतौल प्रयोगशाला रहने छ । सो प्रयोगशालाले नापतौल सम्बन्धि तोकिए बमोजिमका सेवाप्रदान गर्नुको साथै तोकिए बमोजिम अनुसन्धानमुलक तथा विकासात्मक कार्य गर्न सक्ने छ । | (१९)(ग) बिभागको बैज्ञानिक नापतौल प्रयोगशालालाई वैधानिकता दिएको । |

| | | |
|---|---|---|
| कुरामा प्रतिकूल प्रभाव पार्न हुदैन। गर्ने<br>(२) उपदफा बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म (१) क ैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ। | | |
| **२०.स्टाण्डर्ड नाप र तौल बाहेक अरु नाप र तौल प्रचलनमा ल्याउन नपाईने**<br>(१) दफा १४ र २४ बमोजिम नेपाल सरकारले अन्यथा अनुमति दिएमा बाहेक प्रचलित कानुनमा वा प्रचलनमा जेसुकै भएतापनि यो ऐन लागु भएको तीन महिना पछि यो ऐन लागु भएको क्षेत्र भीत्र वा यो ऐन लागु भएको कारोवार र मालसामानको सम्बन्धमा स्टाण्डर्ड नाप वा तौल बाहेक अरु किसिमको नाप वा तौलको व्यवहार गर्न वा त्यस्तो कुनै नाप वा तौलको ईकाई द्वारा कुनै बस्तुको मूल्य किट्न वा परिमाण तोक्न हुदैन।<br>(२) कुनै किसिमको रिति,रिवाज, चलन वा व्यवहार अनुसार व्यापारको कुनै वस्तुको सम्वन्धमा गरिएको करार वा कारोवारमा कुनै व्यापारी वा बिक्रेता वा ग्राहकले नाप वा तौलले तौलने निश्चित गरेको परिमाण भन्दा घटी वा बढी माग्ने वा लिने वा माग्न लगाउन वा लिन लगाउने गरेको भए यो ऐन लागु भएको मितिदेखि त्यस्तो रीति, रिवाज, चलन र व्यवहार निष्क्रिय भएको मानिनेछ।<br>(३) उपदफा (१) को बर्खिलाप गरिएको काम कारोवारको कानुनी मान्यता हुने छैन। | (१) दफा २४ बमोजिम नेपाल सरकारले अन्यथा अनुमति दिएमा बाहेक प्रचलित कानुनमा वा प्रचलनमा जेसुकै भएतापनि यस ऐन लागु भएको कारोवार र मालसामानको सम्बन्धमा स्टाण्डर्ड नाप वा तौल बाहेक अरु किसिमको नाप वा तौलको व्यवहार गर्न वा त्यस्तो कुनै नाप वा तौलको ईकाई द्वारा कुनै बस्तुको मूल्य किट्न वा परिमाण तोक्न हुदैन।<br>(४) उद्योगी, व्यवसायी तथा व्यापारीले आफूले उत्पादन गर्ने वा कारोवार गर्ने वा विक्रि गर्ने मालसामानको परिमाण यकिन गर्न प्रर्याप्त हुने गरी नाप्ने वा तौलने उपकरण आफ्नो उद्योग वा कारोवार वा व्यापार गर्ने स्थानमा अनिवार्य रुपले राख्नु पर्ने छ । कुनै उपभोक्ताले आफूले खरिद गर्न चाहेको मालसामान (खुला वा बन्द प्याकेज) को नाप वा तौल यकिन गर्न चाहेमा विक्रेताले नापेर वा तौलेर देखाईदिनु पर्ने छ।<br>(५) व्यापारिक कारोवार गर्दा त्यस्तो कारोवारको लागि अनुमति लिए बमोजिमको नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र अनिवार्य रुपमा प्रयोग गर्नु पर्छ । सो को प्रयोग नगरि अन्य तरिकाबाट कारोवार गर्नु हुदैन। | (१) दफा १४ झिकिएको र यो ऐन लागू भईसकेको हुनाले तीन महिना लेखिराख्नु नपर्ने।<br>(४) उपभोक्ताको सम्बैधानिक मौलिक हकहरु संरक्षण गर्न।<br>(५)नापतौल यन्त्र राख्ने तर प्रयोग नगरि कारोवार गर्ने कार्यलाई निरुत्साहित गर्न। उदहारण ट्याक्सी |

| | | |
|---|---|---|
| | (६) कुनै वस्तुको नाप र तौलको परिमाण यस ऐन बमोजिम ठिक वा घटी-बढी रहेको सम्बन्धमा विवाद भएमा सो को सम्बन्धमा वास्तविक परिमाण यकिन गर्ने अन्तिम अधिकार विभाग संग रहने छ। | मिटर।<br>(६) नेपाल गुणस्तर तथा नापतौल विभाग संग राष्ट्रिय तथा प्रमुख स्टाण्डर्डहरु रहेको तथा स्टाण्डर्ड नाप र तौल ऐन कार्यान्वयन गर्ने निकाय भएकोले। |
| **(२१) खास कुरामा केवल नाप मात्र वा तौल मात्र प्रयोग गर्न निर्देशन दिन सकिने :**<br>यो ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको मिति देखि कुनै खास क्षेत्रभित्र कुनै खास व्यापार , लेनदेन वा करारका सम्वन्धमा खास खास शर्तहरुका अधीनमा रही नापेर वा तौलेर मात्र कारोवार गर्न निर्देशन दिन सक्नेछ। | | |
| **परिच्छेद–३**<br>**नाप र तौलको जाँच र टाँचा लगाउने** | | |
| **(२२) व्यापारिक नाप र तौलमा परिमाण र संज्ञा अंकित हुनु पर्ने**:<br>व्यापारिक नाप र तौलमा नाप्ने नाप र तौलने तौलको संज्ञा र परिमाण स्पष्ट रुपले अंकित भएको हुनुपर्छ र तोकिए बमोजिम जाँचको स्पस्ट छाप लगाईएको हुनुपर्छ। | | |
| **(२३) टाँचा नलागेको व्यापारिक नाप र तौलको बिक्रि वितरण वा प्रयोग गर्न निषेध:**<br>दफा २४ मा अन्यथा लेखिएकोमा बाहेक तोकिए बमोजिम जाँच नभएको र निरीक्षकद्धारा सो जाँचको टाँचा नलगाईएको कुनै पनि व्यापारिक नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बिक्रि , वितरण वा व्यवाहारमा ल्याईने छैन। | **(२३) टाँचा नलागेको व्यपारिक नाप वा तौल वा नाप्ने तौलने यन्त्र बिक्रि वितरण वा प्रयोग गर्न निषेधः**<br>दफा २४ मा अन्यथा लेखिएकोमा बाहेक तोकिए बमोजिम जाँच नभएको र कानूनि नापतौल अधिकृतद्वारा सो जाँचको टाँचा नलगाईएको कुनै पनि व्यापारीक नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बिक्रि, वितरण वा व्यवहारमा ल्याइने छैन।<br>स्पष्टिकरणः त्यसरी टाँचा वा शिल छाप लगाउन नमिल्ने नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रहरुमा नापतौल अधिकृतले | निरीक्षक को सट्टा कानूनी नापतौल अधिकृत उपयुक्त हुने। |

| | | |
|---|---|---|
| | स्टिकर वा अन्य कुनै विधी द्वारा प्रमाणित गरि मात्र व्यवहार मा ल्याउन पाइने छ।<br><br>(२३)कः **नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र रोक्का वा जफत गर्न सकिनेः** नाप वा तौल वा नाप्ने तौलने यन्त्रमा तोकिए बमोजिमको कैफियत गरेको खण्डमा तोकिए बमोजिमको अवधी सम्म तोकिएको अधिकारीले नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र रोक्का वा जफत गर्न सकिने छ।<br>यस दफा बमोजिम रोक्का राखिएको नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र को कारवाही प्रकृया फुकुवा भए पछी मात्र पुनः सन्चालनमा ल्याउन पाउने छ।<br>स्पष्टिकरणः नापतौल अधिकृतले अनुसन्धानको क्रममा नाप र तौल वा नाप्ने वा तौलने यन्त्रको माध्यमबाट गरिने व्यापार समेत रोक्का राख्न सक्ने छ। | |
| **२४. छुट दिने नेपाल सरकारको अधिकार :**<br>नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी देहाए बमोजिमको व्यवस्था गर्न सक्नेछ।<br>(क) कुनै खास किसिमको कारोवारमा वा विदेशी मुलुकसंगको व्यापारमा मेट्रिक प्रणाली बाहेक अरु कुनै प्रणालीको नाप र तौल वा नाप्ने तौलने यन्त्र जाँच नभएको भए तापनि प्रमाणित सम्म गरी प्रयोग गर्न दिने,<br>(ख) खास किसिमको नाप्ने वा तौलने यन्त्र जाँच भैसकेको अवस्थामा मात्र प्रयोगमा ल्याउन दिने, र<br>(ग) खास किसिमको नाप्ने वा तौलने यन्त्र जाँच गराउनु नपर्ने।<br><br>**२५. नाप तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग गर्न अनुमतिपत्र लिनु पर्ने** | <br><br><br><br><br><br><br><br><br>**२५. नाप तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग गर्न अनुमतिपत्र लिनु पर्नेः**<br>व्यापारी तथा व्यवसायीले नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोग | |

| | | |
|---|---|---|
| **:**<br>व्यापारी तथा व्यावसायीले नाप तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग गर्न तोकिएको समय भित्र तोकिएको दस्तुर तिरी आफ्नो नाम दर्ता गराई निरिक्षकबाट अनुमतिपत्र लिनुपर्छ। | गर्न तोकिएको समय भित्र तोकिएको दस्तुर तिरी आफ्नो नाम दर्ता गराई कानूनि नापतौल अधिकृतबाट अनुमतिपत्र लिनु पर्छ। | निरीक्षक को सट्टा कानूनी नापतौल अधिकृत उपयुक्त हुने। |
| **२६. इजाजतपत्र नलिई गर्न नहुने :**<br>निरीक्षकबाट तोकिएको दस्तुर तिरेर तोकिए बमोजिम इजाजत प्राप्त नगरी कुनै पनि व्यक्तिले आफ्नो व्यापारको सिलसिलामा व्यापारिक नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बनाउन, मर्मत गर्न, बिक्रि गर्न वा तोकिएको नाप्ने वा तौलने सेवाको व्यवसाय गर्न हुदैन। | **२६ इजाजतपत्र नलिई गर्न नहुने**<br>कानूनी नापतौल अधिकृतबाट तोकिए बमोजिम इजाजत प्राप्त नगरी कुनै पनि व्यक्तिले आफ्नो व्यापारको सिलसिलामा व्यापारिक नाप वा तौल वा नाप्ने तौलने यन्त्र मर्मत गर्न, बिक्रि गर्न वा तोकिएको नाप्ने वा तौलने सेवाको व्यवसाय गर्न हुदैन।<br><br>**२६(क) नाप वा तौल वा नाप्ने तौलने यन्त्र उत्पादन वा आयात गर्न ढाँचा स्विकृती (प्यार्टर्न एप्रुभल) लिनु पर्ने**:तोकिए बमोजिम महानिर्देशक वा प्रमुख निरीक्षकबाट ढाँचा स्वीकृती(प्यार्टर्न एप्रुभल) नलिई नाप वा तौल वा नाप्ने तौलने यन्त्र आयात वा उत्पादन गर्नु हुदैन। | निरीक्षक को सट्टा कानूनी नापतौल अधिकृत उपयुक्त हुने।<br><br>अन्य देशमा पनि प्यार्टर्न एप्रुभलको व्यवस्था रहेको र सोकेन्द्रिय स्तरले नै गर्ने गरेको । यसले काममा एकरुपता आउनको साथै नापतौल यन्त्रबाट हुने कैफियत समेत नियनत्रण हुन सक्ने छ। |
| **२७. मोहर वन्दी गरिएका प्याकेजमा नाप वा तौल अंकित हुनु पर्ने :**<br>मोहर वन्द प्याकेजमा रहेका वस्तुहरुको नाप वा तौल स्पष्ट उल्लेख गरी सो प्याकेजमा लेबल लगाएको हुनु पर्नेछ । यसरी लेबल नलगाईएको वस्तुको प्याकेज कसैले बेच्न, बेच्न लगाउन वा बेच्ने उद्धेश्यले राख्नु हुदैन।<br>तर साधारणतया नाप वा तौलद्वारा कारोवार वा बिक्रि नगरीने वस्तुहरुको सम्वन्धमा यो दफा लागु हुने छैन। | **२७. मोहर वन्दी गरिएका प्याकेजमा नाप वा तौल अंकित हुनु पर्ने :**<br>मोहर वन्द प्याकेजमा रहेका वस्तुहरुको नाप वा तौल स्पष्ट उल्लेख हुने गरी सो प्याकेजमा लेबल लगाएको हुनु पर्नेछ । यसरी नलगाईएको वस्तुको प्याकेज कसैले बेच्न, बेच्न लगाउन वा बेच्ने उद्धेश्यले राख्नु हुदैन।<br>तर साधारणतया नाप वा तौलद्वारा कारोवार वा बिक्रि नगरीने वस्तुहरुको सम्वन्धमा यो दफा लागु हुने छैन । मोहर वन्द प्याकेज सम्बन्धि अन्य ब्यवस्था तोकिए बमोजिम हुने छ। | २७क) मोहरबन्द प्याकेज सम्बन्धि अन्य ब्यवस्थाको लागी नियमको ड्राफ्ट तयार भई मन्त्रालय समक्ष पेश भैसकेको ले। |
| **२८. निरीक्षकको काम कर्तव्य :**<br>(१)निरीक्षकले नियन्त्रकले तोकिदिएको क्षेत्र र समयमा नाप र तौल तथा नाप्ने | **२८. कानूनी नापतौल अधिकृतको काम कर्तव्य :**<br>(१)कानूनी नापतौल अधिकृतले नेपाल सरकारले तोकिदिएको | निरीक्षक को सट्टा कानूनी |

| | | |
|---|---|---|
| तौलने यन्त्र जाँच गर्नुपर्छ ।<br>(२) निरीक्षकले आफ्नो समक्ष जाँचको निमित्त ल्याईएका नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम जाँची ठीक देखिएमा तोकिएको दस्तुर लिई तोकिए बमोजिम जाँचको टाँचा लगाउनु पर्छ ।<br>(३) जाँच गरिनु पर्ने कुनै पनि नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाँच नगरी राख्नु हुदैन ।<br>(४) निरीक्षकले व्यापारीक नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रले बिक्रि गरिएको वा दिएको वस्तुको नाप वा तौल वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र राखिएको कुनै पनि स्थानमा गई जाँच गर्न सक्नेछ ।<br>(५) निरिक्षकले कुनै व्यापारी वा निजले आफ्नो कामको निमित्त नियुक्ति गरेको कुनै व्यक्तिले प्रयोगमा ल्याएका वा त्यस्तो व्यापारी वा व्यक्तिसंग रहेको वा व्यापारको कामको लागि कुनै स्थानमा राखिएको नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र र सो सम्वन्धि सबै लिखित पेश गर्न आदेश दिन सक्नेछ र त्यस्तो व्यापारी वा व्यक्तिले पनि सो आदेश बमोजिमको यन्त्र वा लिखित पेश गर्नु पर्छ ।<br>(६) निरीक्षकलाई नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको सम्वन्धमा कसैले यस ऐन अन्तर्गत कुनै कसुर गरेको वा गर्न लागेको छ भन्ने शंका लागेमा निजले त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रले बिक्रि गरेको वा दिएको वा दिन लागेको वस्तु र सम्वन्धित सबै लिखित आफ्नो कव्जामा लिन सक्नेछ ।<br>(७) निरीक्षकलाई कुनैपनि मोहर वन्द प्याकेजमा रहेको वस्तुको नाप वा तौल सो प्याकेजको लेबलमा उल्लिखित नाप वा तौल भन्दा कम छ भन्ने शंका लाग्ने कारण भएमा निजले त्यस्तो प्याकेजको मोहोर तोडी प्याकेजमा रहेको वस्तुको नाप वा तौलको जाँच गर्न सक्नेछ ।<br>(८)निरीक्षकले उपदफा (७) बमोजिम जाँच्दा प्याकेजको वस्तुको नाप वा तौल | क्षेत्र र समयमा नाप र तौल तथा नाप्ने तौलने यन्त्र जाँच गर्नुपर्छ ।<br>(२) कानूनी नापतौल अधिकृतले आफ्नो समक्ष जाँचको निमित्त ल्याईएका नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम जाँची ठीक देखिएमा तोकिएको दस्तुर लिई तोकिए बमोजिम जाँचको टाँचा लगाउनु पर्छ ।<br>(३) जाच गरिनु पर्ने कुनै पनि नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाँच नगरी राख्नु हुदैन ।<br>(४) कानूनी नापतौल अधिकृतले व्यापारीक नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रले बिक्रि गरिएको वा दिएको वस्तुको नाप वा तौल वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र राखिएको कुनैपनि स्थानमा गई जाँच गर्न सक्नेछ ।<br>(५) कानूनी नापतौल अधिकृतले कुनै व्यापारी वा निजले आफ्नो कामको निमित्त नियुक्ति गरेको कुनै व्यक्तिले प्रयोगमा ल्याएका वा त्यस्तो व्यापारी वा व्यक्तिसंग रहेको वा व्यापारको कामको लागि कुनै स्थानमा राखिएको नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र र सो सम्वन्धि सबै लिखित पेश गर्न आदेश दिन सक्नेछ र त्यस्तो व्यापारी वा व्यक्तिले पनि सो आदेश बमोजिमको यन्त्र वा लिखित पेश गर्नु पर्नेछ ।<br>(६) कानूनी नापतौल अधिकृतलाई नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको सम्वन्धमा कसैले यस ऐन अन्तर्गत कुनै कसुर गरेको वा गर्न लागेको छ भन्ने शंका लागेमा निजले त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रले बिक्रि गरेको वा दिएको वा दिन लागेको वस्तु र सम्वन्धित सबै लिखित आफ्नो कव्जामा लिन सक्नेछ । | नापतौल अधिकृत उपयुक्त हुने हुदा । |

| | | |
|---|---|---|
| ठीक नदेखिएमा प्याकेज र त्यसभित्र रहेको वस्तु आफ्नो कब्जामा लिन सक्नेछ र ठीक देखिएमा प्याकेजको उचित मूल्य सो प्याकेजको धनीलाई दिनेछ। | (७) कानूनी नापतौल अधिकृतलाई कुनैपनि मोहर वन्द प्याकेजमा रहेको वस्तुको नाप वा तौल सो प्याकेजको लेबलमा उल्लिखित नाप वा तौल भन्दा कम छ भन्ने शंका लाग्ने कारण भएमा निजले त्यस्तो प्याकेजको मोहोर तोडी प्याकेजमा रहेको वस्तुको नाप वा तौलको जाँच गर्न सक्नेछ।<br>(८) कानूनी नापतौल अधिकृतले दफा (७) बमोजिम जाँच्दा प्याकेजको वस्तुको नाप वा तौल ठीक नदेखिएमा प्याकेज र त्यसभित्र रहेको वस्तु आफ्नो कब्जामा लिन सक्नेछ र ठीक देखिएमा प्याकेजको उचित मूल्य सो प्याकेजको धनीलाई दिनेछ.<br>**२८ क) बरिष्ठ निरीक्षक को थप काम कर्तव्य**<br>**दफा २८को साथै थप काम कर्तव्य**<br>१) आफू मातहत कार्यरत कर्मचारीहरुको सम्बन्धमा पर्न आएका गुनासाहरु सम्बन्धि शुरु अनुसन्धान गर्नेर आफै समाधान गर्न सक्ने गुनासाहरु भए आफैले समाधान गर्ने र समाधान गर्न नसकिने विषयहरु प्रमुख निरीक्षक समक्ष पेश गरि निकासा भए बमोजिम गर्ने।<br>२)प्याटर्न एप्रुभल सम्बन्धि निवेदन प्राप्त हुन आएमा आवश्यक प्रक्रिया पुरा गरी प्रमुख निरीक्षक समक्ष पेश गर्ने।<br>३) तोकिएको क्षेत्रमा व्यपारी – व्यवसायीहरुले प्रयोग गरेका नाप तौल वा नाप्ने तौलने यन्त्रको तथ्यांक अध्यावधिक राख्ने राख्न लगाउने।<br>४) नयाँ प्रविधीयुक्त नाप तौल का यन्त्रहरुको व्यवस्थापनको लागि अनुसन्धान गर्ने गराउने।<br>५) स्टाण्डर्डहरुको निर्माण, संरक्षण र प्रवर्धन गर्ने कार्यमा सहयोग गर्ने।<br>६) नापतौल यन्त्रहरुको प्रयोगमा एकरुपता कायम गर्नको लागि | पद भएपनि कार्य स्पष्ट नभएकोले। |

| | | |
|---|---|---|
| | योजना बनाई प्रमुख निरीक्षक समक्ष पेश गर्ने ।<br><br>**२८ ख) प्रमुख निरीक्षक को थप काम कर्तव्य**<br>**दफा २८कको साथै थप काम कर्तव्य**<br>१)नापतौलमा एकरुपता तथा बिकासको लागी निति निर्देशिका बनाई स्वीकृत गराई लागु गर्ने।<br>२) आफू मातहत कार्यरत कर्मचारीहरुको सम्बन्धमा पर्न आएका गुनासाहरु सम्बन्धि शुरु अनुसन्धान गर्नेर आफै समाधान गर्न सक्ने गुनासाहरु भए आफैले समाधान गर्ने र समाधान गर्न नसकिने विषयहरु महाँनिर्देशक समक्ष पेश गरि निकासा भए बमोजिम गर्ने ।<br>३) नापतौलका राष्ट्रिय स्टाण्डर्डहरु निर्माण, प्रवर्धन तथा संरक्षण गर्ने ।<br>४) प्याटर्न एप्रुभलको स्विकृती प्रदान गर्ने । | पद भएपनि कार्य स्पष्ट नभएकोले । |
| **२९. पुनरावेदनः**<br>यस ऐन बमोजिम निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर पैतिस दिनभित्र अंचल अदालतमा पुनरावेदन लाग्नेछ । | २९………….. (खारेज गरिएको)<br>२९(क) पुनरावलोकनः निरीक्षक वा बरिष्ठ निरीक्षकबाट यस ऐन बमोजिम गरेको कुनै निर्णय वा सजाय उपर चित्त नबुझेमा पुनरावलोकनको लागि त्यस्तो निर्णय भएको १५ दिन भित्र विभागमा निवेदन दिन सकिने छ । यसरी विभागमा निवेदन पर्न आएमा प्रमुख निरीक्षकको राय-परामर्श लिई महानिर्देशकले त्यस्तो निर्णयको पुनरावलोकन गर्न सक्ने छ ।<br>२९(ख) पुनरावेदनः २९(क) बमोजिम विभागले गरेको निर्णय वा सजायको आदेश उपर पैतिस दिन भित्र उच्च अदालतमा पुनरावेदन लाग्नेछ ।<br>यस ऐन बमोजिम कानूनी नापतौल अधिकृतले गरेको कुनै निर्णय वा सजायको आदेश उपर पैतीस दिन भित्र उच्च अदालतमा पुनरावेदन गर्न वाधा पर्ने छैन । | |
| **परिच्छेद–४** | | |

| सजाय | | |
|---|---|---|
| **(३०) सजाय:**<br><br>(१) कसैले दफा २० को उपदफा (१) दफा २१,२३,२५,२६ वा २७ को बर्खिलाप कुनै काम गरेमा वा गर्न उद्योग गरेमा वा सो गर्न अरु कसैलाई दुरुत्साहन दिएमा वा यो ऐन अन्तर्गत निरीक्षकले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै काम गर्दा त्यसमा बाधा पु¥याई दिएमा वा कुनै वस्तुको नाप वा तौलको आधारमाबिक्रि वा कारोवार गर्दा जुन नाप वा तौलको परिमाणमा खरिद बिक्री वा कारोवारगरिएको हो सो नाप वा तौलले निश्चित गरेको परिमाण भन्दा घटी बढी गरी लिए लिन लगाए वा दिए दिलाएमा निजलाई निरीक्षकले प्रत्येक कसुरमा बढीमा एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ।<br><br>(२).................................<br><br>(३) कसैले कुनै स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाली वा घटी बढी बनाए वा बनाउन लगाएमा वा त्यस्तो जाली वा घटी बढीमा नाप वा तौल वा तौलने यन्त्र जानी जानी सक्कली रुपमा व्यवाहार गरेमा वा व्यवाहार गर्ने उद्धेश्यले राखेमा वा बिक्रि गरे गराएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम स्टाण्डर्ड नाप वा तौल वा नाप्ने तौलने यन्त्र लगाउने छाप टाँचा जाली बनाएमा वा बनाउन लगाएमा वा राखेमा वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको छाप बिगारी जाली टाँचा लगाएमा वा लगाउन लाएमा निजलाई बढीमा रु १०००।– एक हजार रुपैया सम्म जरीवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। | ३० सजायः<br>(१) कसैले<br>(क) दफा २० को उपदफा १ र ४ बर्खिलाप गरे कानूनि नापतौल अधिकृतले सम्बन्धित वस्तु जफत वा रोक्का गरी एक हजार रुपैया देखि पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने छ र सोहि कसुर पुनः गरेमा कानूनि नापतौल अधिकृतले पाँच हजार रुपैया देखि दश हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने छ।<br>(ख) दफा २० को उपदफा ५ वा दफा २१ को बर्खिलाप गरे कानूनि नापतौल अधिकृतले पाँच हजार रुपैया देखि दश हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने छ र सोहि कसुर पुनः गरेमा कानूनी नापतौल अधिकृतले दश हजार देखि बिस हजार सम्म जरिवाना गर्न सक्ने छ ।<br>(ग) दफा २३ को बर्खिलाप गरे विक्रेता भएमा कानूनि नापतौल अधिकृतले नाप वा तौल वा नाप्ने तौलने यन्त्र जफत वा रोक्का गरि पन्ध्र हजार रुपैया देखि बीस हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ र प्रयोगकर्ता भए कानूनि नापतौल अधिकृतले दुई हजार रुपैया देखि देखी पाँच हजार रुपैया सम्म जरीवाना गर्न सक्ने छ र सोहि कसुर पुनः गरेमा कानूनि नापतौल अधिकृतले नाप वा तौल वा नाप्ने तौलने यन्त्र जफत वा रोक्का गरि तिस हजार रुपैया देखि पचास हजार रुपैया सम्म र प्रयोगकर्ता भए कानूनि नापतौल अधिकृतले पाँच हजार रुपैया देखि दश हजार रुपैया सम्म जरीवाना गर्न सक्ने छ।<br>(घ) दफा २५ को बर्खिलाप गरे कानूनी नापतौल अधिकृतले एक हजार रुपैया देखि पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ। | |

| | | |
|---|---|---|
| (४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरुको प्रतिकुल निरीक्षकले जानी जानी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा टाँचा लगाएमा निजलाई बढीमा रु १०००।– एक हजार रुपैया सम्म जरीवाना वा ३ महिनासम्म कैद वा दुवै सजाय हुनेछ। | (ङ) दफा २६ को बर्खिलाप गरेमा कानूनी नापतौल अधिकृतले नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जफत वा रोक्का गरी पच्चिस हजार देखि तीस हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ र सोहि कसुर पुनः गरेमा कानूनी नापतौल अधिकृतले तीस हजार रुपैया देखि चालिस हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ।<br>(च) दफा २६(क) को बर्खिलाप गरेमा कानूनी नापतौल अधिकृतले चालिस हजार रुपैया देखि पचास हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ र सोहि कसुर पुनः गरेमा कानूनी नापतौल अधिकृतले पचास हजार रुपैया देखि पचहत्तर हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ।<br>(छ) दफा २७ बमोजिम मोहरबन्द प्याकेजमा तोकिए बमोजिमको लेबल नभएको पाइए वा तोकिए बमोजिमको स्टाण्डर्ड प्याकेज नपाइएमा सम्पूर्ण प्याकेज जफत वा रोक्का गरि पहिलो पटकमा पाँच हजार रुपैया देखि दश हजार रुपैया सम्म र सोहि कसुर पुनः गरेमा कानूनी नापतौल अधिकृतले दश हजार रुपैया देखि पन्ध्र हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ।<br>(ज) नापतौल अधिकृतलाई आफ्नो कर्तव्य पालनाको शिलसिलामा कसैले बाधा पुर्याइदिएमा निजलाई नापतौल अधिकृतले पहिलो पटकमा पाँच हजार रुपैया देखि दश हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ र सोहि कसुर पुनः गरेमा कानूनी नापतौल अधिकृतले दश हजार रुपैया देखि पन्ध्र हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ।<br>(झ) कुनै वस्तु (खुला वा मोहरबन्द) वा सेवाको नाप वा तौलको आधारमा विक्रि वा कारोवार गर्दा जुन नाप वा तौल को परिमाणमा खरिद विक्रि वा कारोवार गरेको हो | |

| | | |
|---|---|---|
| | सो नाप वा तौल ले निश्चित गरेको परिमाण भन्दा घटी बढी गरी लिए लिन लगाए वा दिए दिन लगाए मा निजलाई कानूनी नापतौल अधिकृतले पहिलो पटकमा एक हजार रुपैया देखि पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ र सोहि कसुर पुनः गरेमा निजलाई कानूनी नापतौल अधिकृतले पाँच हजार रुपैया देखि दश हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ तर यस उपदफामा जे सुकै लेखिएको भएता पनि निर्माण सामाग्री वा सुन चाँदी वा मुल्यवान धातु वा पेट्रोलियम पदार्थ वा उद्योग कलकारखानामा प्रयोग हुने यन्त्रका सम्बन्धमा यस उपदफामा लेखिएको कसुर गरेको पाइएमा निजलाई कानूनी नापतौल अधिकृतले पन्ध्र हजार रुपैया देखि वीस हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ र पुनः सोहि कसुर गरेमा बीस हजार रुपैया देखि चालिस हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ।<br>स्पष्टिकरणः निर्माण सामाग्रि भन्नाले सिमेन्ट, छड, इट्टा, गिट्टी, बालुवा, जियो-टेक्स्टाइल, सिमेन्ट बोर्ड, झ्याल ढोकामा प्रयोग हुने काठ, शिशा तथा यु.पि.भि.सि, बिजुलीको तार आदि।<br>(ञ) यस ऐन र ऐन संग सम्बन्धित नियमहरुका अन्य दफाहरु उल्लंघन गरेमा निजलाई कानुनी नापतौल अधिकृतले एक हजार देखि पाँच हजार सम्म जरिवाना गर्न सक्ने छ र सोहि कसुर पुनः गरेमा निजलाई कानूनी नापतौल अधिकृतले पाँच हजार देखि दशहजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने छ।<br><br>३) कसैले कुनै स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाली वा घटी बढी बनाए वा बनाउन लगाएमा वा त्यस्तो | |

| | | |
|---|---|---|
| | जाली वा घटी बढी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जानी जानी सक्कली रुपमा व्यवहार गरेमा वा व्यवहार गर्ने उदेश्यले राखेमा वा विक्री गरे गराएमा वा यो ऐन वा यस ऐन अन्तरगत बनेका नियमहरु बमोजिम स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा लगाउने छाप टांचा जाली बनाएमा वा बनाउन लगाएमा वा राखेमा वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको छाप विगारी जाली टांचा लगाएमा वा लगाउन लगाएमा वा नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र वास्तविक भन्दा बाहेकका कम्पोनेन्ट/पार्ट्स प्रयोग गरि घटी/बढी गराएमा वा गराउने उदेश्यले राखेमा वा राख्न लगाएमा वा कुनै प्रविधि प्रयोग गरि सफ्टवेयर जाली बनाई घटि वा बढी गरेमा वा गर्न लगाएमा वा राखेमा निज लाई पहिलो पटकमा एक वर्ष सम्म कैद वा तीन लाख रुपैया सम्म जरीवाना वा दुवै सजाय हुनेछ र पुनः सोहि कसुर गरेमा निजलाई तीन वर्ष सम्म कैद वा ३ लाख देखि ५ लाख सम्म जरिवाना वा दुवै सजाय हुनेछ।<br><br>(४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरुको प्रतिकुल कानूनी नापतौल अधिकृतले जानी जानी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा टाँचा लगाएमा निजलाई बढीमा रु दश हजार रुपैया सम्म जरीवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। | |
| **३०.क. सरकारी बाँकी सरह असुल उपर गर्ने:**<br><br>(१) यो ऐन बमोजिम निरीक्षकले गरेको निर्णयबाट दाखिल गर्नुपर्ने जरिवना त्यस्तो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्वन्धित कार्यालयमा दाखित गर्नुपर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको म्यादभित्र जरिवानाको रकम दाखिल नगरेमा | | |

| | | |
|---|---|---|
| त्यस्तो रकम नेपाल सरकारले तोकेको कार्यालय वा अधिकारीले प्रचलित कानुन बमोजिम सरकारी बाकी सरह असुल उपर गरी लिनेछ। | | |
| **परिच्छेद–५ विविध** | | |
| **३१. टाँचा लगाईएको नाप तौल वा नाप्ने तौलने यन्त्रको कानुनी मान्यताः**<br>यो ऐन वा यस अन्तर्गत बनेका नियमहरु बमोजिम टाँचा लागेकोनाप वा तौल वा नाप्ने वा तौलने यन्त्र ठीक छैन भनी अदालतबाट प्रमाणीत नभएसम्म ठीक मानिनेछ। | | |
| **३२. संगठित संस्था वा फर्मले गरेको कसुरको दायित्वः**<br>(१) यो ऐन अन्तर्गतको कसुर कुनै संगठित संस्था वा फर्मले गरेमा सो कसुर गरेको समयमा फर्मको हकमा सो फर्मको हिस्सेदार र संगठित संस्था भए सो संस्थाको संचालन गर्ने मुख्य प्रशासकीय अधिकारी वा अधिकारीहरु कसुरदार ठहरी सजायको भागी हुनेछन।<br>तर, त्यस्तो हिस्सेदार वा संचालन गर्ने मुख्य प्रशासकीय अधिकारी वा अधिकरीहरुले त्यस्तो कसुर हुन नदिन सकभर प्रयास गरेको वा त्यस्तो कसुर गरेको थाहा नभएको भनी प्रमाणित गरेमा सजायको भागी हुने छैन।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै संगठित संस्था वा फर्मले यो ऐन अन्तर्गतका कसुर गरेमा र त्यस्तो कसुर फर्मको हकमा सो फर्मको हिस्सेदार वा संगठित संस्था भए सो संस्थाको मुख्य प्रशासकीय अधिकारी वा अधिकारीहरुको स्वीकृति वा लापरवाही भएको भन्ने प्रमाणीत भएमा त्यस्तो हिस्सेदार वा मुख्य प्रशासकीय अधिकारी वा अधिकारीहरुले कसुर गरेको मानी सजायको भागी हुनेछ। | | |
| **३३. असल नियतले काम गरेकोमा बचाउ :**<br>यो ऐन बमोजिम असल नियत लिई गरेको वागर्न खोजेको कुनै कामको सम्वन्धमा कुनै सरकारी कर्मचारी उपर मुद्दा चलाइने वा अन्य कुनै कानुनी कारवाही गरिने छैन। | | |

| | | |
|---|---|---|
| **३३.क. मुद्दाको तहकीकात र दायरी :**<br>(१) दफा ३० को उपदफा (३) बमोजिम सजाय हुने कसुर सम्वन्धि मुद्दाको तहकिकात निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकातको काम पुरा गरी निजले जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायरा गर्दा निरिक्षकले सरकारी वकीलको राय लिन सक्नेछ। | **३३.क. मुद्दाको तहकीकात र दायरी:**<br>(१) दफा ३० को उपदफा (३) बमोजिम सजाय हुने कसुर सम्वन्धि मुद्दाको तहकिकात कानूनी नापतौल अधिकृतले गर्नेछ र त्यस्तो तहकिकातको काम पुरा गरी निजले जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायरा गर्दा कानूनी नापतौल अधिकृतले सरकारी वकीलको राय लिन सक्नेछ। | |
| **३४. नेपाल सरकारवादी हुने :**<br>यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारवादी भई चलाईनेछ। | | |
| **३५. अधिकार प्रत्यायोजन :**<br>नेपाल सरकारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरु बमोजिम प्रप्त सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकेको अधिकारीले प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ। | | |
| **३६. नियमहरु बनाउने अधिकार:**<br>(१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।<br>(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी ती नियमहरुमा देहायका सबै वा केही कुराको व्यवस्था गर्न सकिनेछ :<br>(क) प्रमुख स्टाण्डर्ड, माध्यमिक स्टाण्डर्ड र कार्यकारी स्टाण्डर्ड जाँच गर्ने कार्यविधि,<br>(ख) नाप्ने वा तौलने यन्त्र राख्नहुने संख्या त्यसलाई जाँच्ने र त्यसमा टाँचा लगाउने तरिका र त्यस सम्वन्धमा अन्य आवश्यक कुराहरू,<br>(ग) व्यापारिक नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बनाउने निर्माताले त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा टाँचा लगाउने किसिम,<br>(घ) व्यापारिक नाप वा तौल वा नाप्नेयन्त्रवा तौलने यन्त्र बनाउने, मर्मत गर्ने, | २) झिकिएको | दफा २ मा उल्लेखित भन्दा थप पनि हुन सक्ने भएकाले राखि राख्न जरुरी नदेखिएको। |

| | | |
|---|---|---|
| बिक्रि गर्ने वा नाप्ने वा तौलने सेवा प्रदान गर्ने व्यक्तिलाई इजाजतपत्र दिदा अपनाउनुपर्ने तरिका र इजाजतपत्र पाउने व्यक्तिले पालन गर्नुपर्ने शर्त,<br>(ङ) नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाँच गर्ने र त्यसमा टाँचा लगाउने अवधि र त्यसलाई रद्दी गर्ने अवस्था,<br>(च) नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको हिसाव किताव अभिलेख राख्ने वा देखाउने तरिका<br>(छ) व्यापारिक नाप र तौलको नाप वा तौल र नाप्ने वा तौलन यन्त्रको घटी बढीको हद तोक्ने,<br>(ज) प्रमुख स्टाण्डर्ड, माध्यमिक स्टाण्डर्ड र कार्यकारी स्टाण्डर्डको नाप र तौलको घटी बढीको हद तोक्ने<br>(झ) कुनै व्यापार वा व्यापारको किसिममा बस्तु बेच्दा मान्यता दिईने घटी बढीको हद तोक्ने<br>(ञ) यो ऐन बमोजिम अनाधिकृत नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जफत गर्ने , रोक्का गर्ने वा छुट दिने,<br>(ट) कुनै नाप तौललाई स्टाण्डर्ड राशी र नापको रुपमा परिणत गर्दा परिमाण व्यक्त गर्ने तरिका अपनाउने, र<br>(ठ) यो ऐनद्धारा तोक्नुपर्ने अरु विषयहरु। | | |

| | | |
|---|---|---|
| **३७. बचाउः**<br>यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अन्य कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ । | | |
| **३८. खारेजिः**<br>स्टाण्डर्ड नाप तौल ऐन, २०२० लाई खारेज गरिएको छ । | | |